# इ. अ. सं. केन्द्रिकृत भर्ना अनुगमन समिति – २०८०

## भर्ना सञ्चालन कार्यविधि

१. सम्बन्धित क्याम्पस/कलेजहरुले सबै आवेदन तथा भर्ना सूचीहरु सहितको भर्ना सम्बन्धि पूर्ण विवरण क्याम्पस/कलेजको भर्ना Online Portal बाट उपलब्ध गराउनु पर्नेछ।

२. इ. अ. सं. को शैक्षिक बर्ष २०८०/८१ को B.E./B.Arch भर्ना कार्यक्रमका लागि सबै क्याम्पस/कलेजले Admission Priority Application फारम Online Portal मार्फत भर्ने व्यवस्था मिलाउनु पर्नेछ । उक्त Online Portal को link केन्द्रिय भर्ना Portal मा राख्नु पर्ने भएकोले सबै क्याम्पस/कलेजहरुले मिति २०८०-०८-०६ गते भित्र केन्द्रिकृत भर्ना अनुगमन समितिलाई सो सम्बन्धि जानकारी गराई सक्नु पर्नेछ ।

3. विद्यार्थीहरुले जुन-जुन क्याम्पसमा अध्ययन गर्न चाहेको हो सोहि क्याम्पसको Online Portal मार्फत प्राथमिकता सहितको छुटा-छुट्टै आवेदन दिनु पर्नेछ।

## भर्ना कार्य तालिका

त्रि. वि., इ. अ. सं. का आङ्गिक क्याम्पसहरु तथा सम्बन्धन प्राप्त कलेजहरुमा शैक्षिक वर्ष २०८०/८१ को स्नातक (बी.ई./ बी.आर्क.) विद्यार्थीहरुको भर्ना कार्यक्रम मिति २०८०-०८-०७ गते देखि शुरू हुनेछ । उक्त भर्ना सम्बन्धी सम्पूर्ण कार्यक्रम र समय तालिका निम्न अनुसार हुनेछ ।

| **प्रथम भर्ना सूची: कार्यक्रम र समय तालिका** | |
|---|---|
| प्रथम, दोस्रो तथा तेस्रो भर्ना सूची (First, Second & Third Admission List) प्रकाशनका लागि आवेदन खोल्ने । | २०८०-०८-०७ गते बिहान १०:०० बजे देखि २०८०-०८-१० गते साँझ ४:०० बजे सम्म । |
| आवेदकले प्राथमिकता संशोधन गर्न सक्ने ।<br>संशोधित आवेदकको प्राथमिकताक्रमको अन्तिम सूची केन्द्रिय भर्नाको Email: admission@ioe.edu.np मा पठाउने।<br>BArch झुकाव परीक्षा लिन सक्ने । | २०८०-०८-११ गते बिहान १०:०० बजे देखि<br>२०८०-०८-१३ गते साँझ ४:०० बजे सम्म । |
| प्रथम भर्ना सूची प्रकाशन गर्ने । | २०८०-०८-१४ गते बिहान १०:०० बजे सम्म। |
| प्रथम भर्ना सूची उपर दाबि विरोध गर्ने । | २०८०-०८-१४ गते बिहान ११:०० बजे देखि दिउँसो २:०० बजे सम्म । |

| | |
|---|---|
| संशोधित प्रथम भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्नाको Email: admission@ioe.edu.np मा उक्त सूची पठाउने । | २०८०-०८-१४ गते साँझ ६:०० बजे सम्म । |
| प्रथम भर्ना सूची बाट विद्यार्थी भर्ना गर्ने । | २०८०-०८-१५ गते बिहान ११:०० बजे देखि २०८०-०८-१८ गते दिउँसो ३:०० बजे सम्म । |
| **दोस्रो भर्ना सूची: कार्यक्रम र समय तालिका** | |
| दोस्रो भर्ना सूची प्रकाशन गर्ने । | २०८०-०८-२० गते बिहान १०:०० बजे सम्म। |
| दोस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने । | २०८०-०८-२० गते बिहान ११:०० बजे देखि दिउँसो २:०० बजे सम्म । |
| संशोधित दोस्रो भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्नाको Email: admission@ioe.edu.np मा उक्त सूची पठाउने। | २०८०-०८-२० गते साँझ ६:०० बजे सम्म । |
| दोस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०८०-०८-२१ गते बिहान ११:०० बजे देखि २०८०-०८-२२ गते दिउँसो ३:०० बजे सम्म । |
| **तेस्रो भर्ना सूची: कार्यक्रम र समय तालिका** | |
| तेस्रो भर्ना सूची प्रकाशन गर्ने । | २०८०-०८-२४ गते बिहान १०:०० बजे सम्म। |
| तेस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने। | २०८०-०८-२४ गते बिहान ११:०० बजे देखि दिउँसो २:०० बजे सम्म । |
| संशोधित तेस्रो भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्नाको Email: admission@ioe.edu.np मा उक्त सूची पठाउने । | २०८०-०८-२४ गते साँझ ६:०० बजे सम्म । |
| तेस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०८०-०८-२५ गते बिहान ११:०० बजे देखि २०८०-०८-२६ गते दिउँसो ३:०० बजे सम्म । |
| **चौथो र पछिल्ला भर्ना सूची** | |
| चौथो र पछिल्ला भर्ना सूचीहरु सम्बन्धमा । | सम्बन्धित क्याम्पस/कलेजहरुको अन्य भर्ना सूचीका लागि पूर्व सूचना मार्फत कार्यतालिका प्रकाशन गरी केन्द्रिय भर्ना पोर्टलबाटै भर्ना गर्नु पर्नेछ। |

**द्रष्टव्य :**

- क्याम्पस/कलेजहरुले दोस्रो तथा तेस्रो भर्ना सूची प्रकाशन गर्दा यसै भर्ना कार्य तालिकाको परिधिभित्र रहने गरी सूचना गरी थप आवेदन लिन सक्नेछन् । यो व्यवस्था गर्ने क्याम्पस/कलेजहरुले यस सम्बन्धि जानकारी पूर्व सूचना मार्फत दिनु पर्नेछ ।

- क्याम्पस/कलेजहरुले कुनै पनि आवेदन कुन सूचीसम्म मान्य हुने हो र कुन मितिमा नयाँ आवेदन दिनु पर्ने हो सो को स्पष्ट जानकारी पूर्व सूचना मार्फत गर्नु पर्नेछ ।
- सम्पूर्ण विद्यार्थीहरुको भर्ना केन्द्रिय भर्ना पोर्टलबाटै गर्नु पर्नेछ । यदि कुनै पनि क्याम्पस/कलेजले केन्द्रिय भर्ना पोर्टलमा विद्यार्थीको भर्ना गर्न छुटाएमा, त्यस्ता विद्यार्थीहरुको भर्ना भएको मानिने छैन र त्यसबाट उत्पन्न हुने कुनै पनि समस्याको सम्पूर्ण जिम्मेवारी सम्बन्धित क्याम्पस/कलेजले नै लिनुपर्ने छ ।
- माथि उल्लेखित तालिका अनुसार भर्ना प्रकृया कुनै पनि आकस्मिक तथा सार्वजनिक बिदाका दिनहरुमा पनि सञ्चालन गर्न सकिनेछ ।
- भर्ना रद्द शुल्क स्नातक (B.E./B.Arch) तहको प्रवेश-परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी जानकारी तथा निर्देशिका २०८० मा उल्लेख गरे अनुसार हुनेछ ।
- तेस्रो भर्ना लिष्ट पछि कुनै क्याम्पस/कलेजहरुले बीचमा भर्ना प्रकृया स्थगन गर्दा बाँकि सम्पूर्ण क्याम्पस/कलेजहरुको भर्नामा असर पर्ने हुनाले क्याम्पस/कलेजहरुले भर्ना प्रकृया सुचारु रुपमा संचालन गर्नु पर्नेछ। विशेष कारणवश भर्ना प्रकृया स्थगन गर्नु परेमा केन्द्रीकृत भर्ना समिति सँग समन्वय गरी केन्द्रीकृत भर्ना समितिको निर्देशन बमोजिम गर्नु पर्नेछ।

४. सबै क्याम्पस/कलेजहरुले प्रथम, दोस्रो र तेस्रो सूची लगायत पछिल्ला सबै भर्ना सूचीहरु Entrance Rank को योग्यताक्रम (Merit Basis) अनुसार नै प्रकाशित गरी इ. अ. सं. ले उपलब्ध गराएको केन्द्रिय भर्ना Portal बाटै भर्ना गर्नु पर्नेछ ।

५. कुनै पनि विद्यार्थीले कुनै क्याम्पस/कलेजको एक कार्यक्रममा भर्ना भइसकेपछि सम्बन्धित क्याम्पस/कलेजबाट भर्ना भएको विवरण (केन्द्रिय भर्ना Portal को Confirmation Page) लिनु पर्नेछ र केन्द्रिय भर्ना Portal (admission.ioe.edu.np) बाट यकिन (Verify) गर्नु पर्नेछ। केन्द्रिय भर्ना Portal मा आफ्नो भर्ना विवरण यकिन नभएको खण्डमा उक्त विद्यार्थी भर्ना भएको मानिने छैन ।

६. आङ्गिक क्याम्पसहरुको हकमा **विदेशी विद्यार्थीहरुको भर्ना तथा विभिन्न आरक्षित कोटामा गरीने भर्ना सम्बन्धमा** इ. अ. सं. को **B.E./B.Arch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी पुस्तिका-२०८०** मा उल्लेख भए अनुसार हुनेछ ।

७. कुनै विद्यार्थीले एउटा क्याम्पस/कलेजमा भर्ना भइसकेपछि अर्को क्याम्पस/कलेजमा नाम निस्केको खण्डमा उक्त क्याम्पस/कलेजमा भर्ना हुनु पुर्व पहिले भर्ना भएको क्याम्पस/कलेजमा भर्ना रद्द गरेपछि मात्र अर्को क्याम्पस/कलेजमा भर्ना हुन सकिनेछ। क्याम्पस/कलेजहरुमा भर्ना रद्द गर्ने सम्वन्धी ब्यबस्था इ. अ. सं. को **B.E./B.Arch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी पुस्तिका-२०८०** मा उल्लेख भए बमोजिम हुनेछ ।

८. एउटै क्याम्पस/कलेज भित्र कार्यक्रम परिवर्तन गर्ने कार्य प्रवेश परीक्षाको नतिजाको योग्यताक्रमको आधारमा क्याम्पस/कलेज भर्ना समितिले गर्न सक्नेछ ।

९. सबै क्याम्पस/कलेजहरुले आफ्ना **विद्यार्थीहरुको भर्ना रद्द र कार्यक्रम परिवर्तन गर्ने कार्य** केन्द्रिय भर्नाको क्याम्पस/कलेज Login Portal बाटै गर्नु पर्नेछ ।

१०. आवेदन सूची, भर्ना सूची लगायत भर्ना सम्बन्धमा कुनै गुनासो भएमा आवेदकहरुले सम्बन्धित क्याम्पस/कलेजमा गुनासो राख्नेछन्। उक्त गुनासोको सम्बन्धित क्याम्पस/कलेजबाट मनासिव सुनुवाइ नभएको ठानेमा आवेदकहरुले भर्ना अवधी भित्र इ. अ. सं. केन्द्रिय भर्ना अनुगमन समितिमा निवेदन दिन सक्नेछन्; उक्त गुनासो भर्ना अनुगमन समितिको ईमेलः admission@ioe.edu.np मा पनि प्रमाण सहित पठाउन सकिनेछ ।

११. २०८० पुष २२ गते साँझ ५:०० बजे सम्म भर्ना भइसकेका **विद्यार्थीहरुको Unique IOE Roll Number** २०८० पुष २४ गते उपलब्ध गराइनेछ। तत्पश्चात् रिक्त रहेका स्थानहरुमा भर्ना लिन सकिनेछ तर भर्ना भई Unique IOE Roll Number प्राप्त गरिसकेका विद्यार्थीहरुले उक्त क्याम्पस/कलेजमा कार्यक्रम परिवर्तन गर्न पाइने छैन । जस्तै एउटै क्याम्पसको Computer Engineering कार्यक्रममा भर्ना भई Unique IOE Roll Number प्राप्त गरिसकेको विद्यार्थीले उक्त क्याम्पसको Civil Engineering कार्यक्रममा Shift हुन पाउने छैन । तर Computer Engineering कार्यक्रमको नै Full Fee Category बाट Regular Category मा भने Shift हुन पाउने छ ।

१२. २०८० सालको प्रथम वर्ष प्रथम खण्डको कक्षा सञ्चालन २०८० माघ २ गते देखि हुनेछ र कक्षा सञ्चालन भएपछि पनि कारणवश रिक्त रहेका स्थानहरुमा सम्बन्धित क्याम्पस/कलेजहरुले भर्ना कार्यक्रम प्रकाशित गरी मिति २०८० माघ १७ गते भित्र नयाँ भर्ना गर्न सक्नेछन् । यसरी भर्ना भएका **विद्यार्थीहरुको Unique IOE Roll Number** २०८० माघ १९ गते सबै क्याम्पस/कलेजहरुलाई केन्द्रिकृत भर्ना अनुगमन समितिले उपलब्ध गराउने छ।

१३. केन्द्रिकृत भर्ना अनुगमन समितिले मिति २०८० माघ २५ गते सबै क्याम्पस/कलेजहरुमा भर्ना भएका **विद्यार्थीहरुको विवरण (Unique IOE Roll Number सहित)** इ. अ. सं. डीन कार्यालयलाई बुझाउने छ र उक्त विवरण नै यस वर्षको अन्तिम भर्ना विवरण हुनेछ ।

***